# राष्ट्रिय आर्थिक गणना २०७५

## प्रेश विज्ञप्ती

**१वैशाख २०७५, काठमाण्डौ**

**नयाँ वर्ष २०७५ को उपलक्षमा सबैमा हार्दिक मङ्गलमय शुभकामना**

केन्द्रीय तथ्याङ्क विभाग नेपाल सरकारको तथ्याङ्क संकलन, प्रशोधन एवं सारिणीकरण गरी प्रकाशन तथा वितरण गर्ने एक प्रमुख सरकारी निकाय हो । विभागबाट समय समयमा विभिन्न गणना, सर्वेक्षणहरु तथा अन्य स्रोतवाट तथ्याङ्कहरु संकलन गरी यसका नतिजाहरु प्रयोगकर्ता समक्ष पुर्‍याउने प्रयास हुँदै आएको छ। देशको आर्थिक क्रियाकलापहरुलाई मुल्यांकन गर्न यसको आधारमा उपयुक्त आर्थिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नका लागि आर्थिक तथ्याङ्कको आवश्यकता हुन्छ । दिगोरूपमा आर्थिक तथ्याङ्कहरु उपलब्ध गर्न देशमा आर्थिक तथ्याङ्क प्रणालीलाई मजबुत तुल्याउनु पर्ने आजको आवश्यकता रहेकोले सबै उद्योग, व्यवसाय, विभिन्न सेवा प्रदायक लगायतका संघसंस्था जस्ता प्रतिष्ठानहरु (आर्थिक एकाइहरु) को विवरण संकलन गर्ने उद्देश्यले आर्थिक गणना गर्नु अपरिहार्यता रहेको छ । यसै सन्दर्भमा केन्द्रीय तथ्याङ्क विभागले **यही मिति २०७५ साल वैशाख १ गते देखी जेष्ठ ३१ गते सम्म नेपालको प्रथम राष्ट्रिय आर्थिक गणना** सञ्चालन गर्ने कार्यक्रम सञ्चालन गर्दैछ ।

प्रतिष्ठानहरूको व्यावसायिक क्रियाकलाप सम्बन्धी वर्तमान अवस्था र यसका आधारभूत तथ्याङ्कहरू उपलब्ध गराउने; केन्द्र, प्रदेश तथा स्थानीयतहका सरकारहरूलाई योजना तर्जुमा र नीति निर्माण गर्न आधारभूत आर्थिक तथ्याङ्कहरू उपलब्ध गराउनु; मुलुकको राष्ट्रिय लेखा प्रणालीको सुदृढीकरण गर्न; तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माणको आधार खडा गर्नु; सम्बन्धित क्षेत्रका उद्योगी, व्यवसायी, लगानीकर्ताहरु र प्राज्ञिक अनुसन्धानकर्ता तथा अन्य तथ्याङ्क प्रयोगकर्ताहरूलाई क्रमशः व्यवसाय समृद्धिको लागि नीति तथा योजना तर्जुमा गर्न र अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने आधारभूत तथ्याङ्कहरू उपलब्ध गराउनु राष्ट्रिय आर्थिक गणना २०७५ को मुख्य उद्देश्यहरु रहेकाछन् ।

विभागले सबै ७७ जिल्लाहरुमा राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्याङ्क संकलनको कार्यक्रम देशव्यापी सञ्चालन गर्दैछ। यस सन्दर्भमा प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ लाई सफलताका साथ सम्पन्न गर्न विभागले क्रमशः मिति २०७४ फागुन ११ देखि १६ गते सम्म मुख्य प्रशिक्षक प्रशिक्षण, मिति २०७४ फागुन २३ देखि २७ गते सम्म जिल्ला आर्थिक गणना अधिकृत तथा सहायक कर्मचारीहरुको तालिम कार्यक्रमहरु सम्पन्न गरी सकिएको छ भने ७७ जिल्लाहरुमा मिति २०७४ चैत्र १ गते देखि ४ महिना अवधिका लागि जिल्ला आर्थिक गणना कार्यालयहरु स्थापना गरी सुपरिवेक्षक तथा गणकहरुलाई तालिम प्रदान गरी आ–आफ्नो कार्य क्षेत्रमा खटाइ सकिएकोछ । यस गणनामा करिव ३५०० गणक तथा ५०० सुपरिवेक्षकहरु गणना कार्यमा परिचालन हुनेछन् ।

यस आर्थिक गणनामा नेपालमा क्रियाशिल सबै औपचारिक तथा अनौपचारिक प्रतिष्ठान व्यवसाय, संघसंस्थाहरु (आर्थिक एकाइहरु)को ठेगाना, व्यवसायको प्रकार, व्यवसायको शाखा प्रशाखाको स्थिति, मूख्य आर्थिक क्रियाकलाप, रोजगारी स्थिति, पुँजी लगानी, ऋणमा पहुँच आदि सम्बन्धी विवरण संकलन गरिनेछ । नेपालको तथ्याङ्कीय इतिहासमा प्रथमपटक यस गणनामा कागजी प्रश्नावली फारामका साथै अनलाइन सर्वेक्षण (e-census) मार्फत उत्तरदाताले आफ्नो व्यवसायको विवरण आफै भर्न सक्ने र गणक मार्फत ट्याव्लेट कम्प्युटर प्रयोग गरी गणना गर्न सकिने विधि अपनाइदै छ। **२०७५ साल वैशाख १ गते देखी जेष्ठ ३१ गते सम्म** यस विभागबाट आर्थिक गणनाका विवरणहरु संकलन गर्न प्रत्येक घरदैलो वा प्रतिष्ठान व्यवसाय स्थलमा गणना कर्मचारीहरु आउनेछन् । गणकहरुलाई सही र यथार्थ विवरण उपलब्ध गर्नु सरोकारवाला सबै प्रतिष्ठान तथा व्यवसायको कर्तव्य तथा दायित्व हो ।

यस आर्थिक गणनालाई सफलताका साथ सम्पन्न गर्न सबै सरोकार राख्ने नेपाल सरकारका निकायहरु, पत्रकार, उद्योगी, व्यवसायीहरु, शैक्षिक प्रतिष्ठानहरु, स्वास्थ्य व्यवसायीहरु, गैरसरकारी संस्था, साना तथा ठूला प्रतिष्ठान व्यवसायी तथा संघसंस्थाहरु, विभिन्न व्यावसायिक संठनहरु र सम्पूर्ण नागरिकहरुको सहयोग तथा सदभाव रहने केन्द्रीय तथ्याङ्क विभागले अपेक्षा तथा विश्वास लिएको छ। यसका साथै तथ्याङ्क ऐन २०१५ अनुसार व्यवसायको संकलित विवरणहरु गोप्य रहने र केवल सामूहिक तथ्याङ्कीय प्रयोजनका लागिमात्र उपयोग हुनेमा केन्द्रीय तथ्याङ्क विभाग विश्वास दिलाउन चाहन्छ ।

धन्यवाद !

नेपाल सरकार

केन्द्रीय तथ्याङ्क विभाग

*"दिगो आर्थिक विकासको आधारका लागि राष्ट्रिय आर्थिक गणना २०७५"*